" कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि "

# हिलिहाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पञ्चमी, पाँचथर

कोशी प्रदेश, नेपाल

अध्यक्ष :- ९८५२६८११७२
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र.प्र.अ :- ९८५२६८४४७७

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

सूचना नं. २७/०८०-०८१ प्रकाशन मितिः २०८०/०८/१०

हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत रिक्त रहेको पदमा प्रचलित कानून बमोजिम खुला प्रतिस्पर्धाद्वारा कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको न्युनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित तोकिएको ढाँचामा दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः-**

| क्र.सं. | विज्ञापन नं. | विज्ञापनको किसिम | पद | तह | माग संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ३/२०८०-८१ | खुला | समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता (CBRF) | सहायकस्तर चौथो | १ | ५००.०० |

**क) परीक्षा किसिमः-** लिखित/कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता।

**ख) परीक्षा मितिः-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशनको बखत गरिनेछ।

**ग) परीक्षा केन्द्रः-** हिलिहाङ गाउँपालिकाको सभाहल, पञ्चमी, पाँचथर।

**घ) दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** गाउँपालिकाको कार्यालयमा उपस्थित भई वा कुनै पनि बैंकमार्फत SuTRA बाट सृजित भौचरबाट गाउँपालिकाको **HILIHANG GA-1-1 ANTARIK RAJASWO 26351182240171** मा परीक्षा दस्तुर रकम जम्मा गर्नुपर्नेछ।

**ङ) दस्खास्त दस्तुर बुझाउने अवधिः-** दरखास्त दिन पाउने अन्तिम मिति (उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

**च) दरखास्त दिने अन्तिम मितिः-** २०८०/०८/२४ सम्म र दोब्बर दस्तुर तिरी २०८०/०९/०१ सम्म।

**छ) उम्मेदवारको उमेरको हदः-** २०८०/०८/२४ सम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)

**ज) पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी।

**झ) तलबः-** प्रचलित कानून बमोजिम।

**ञ) आवश्यक न्यूनतम शैक्षिक योग्यताः-**

**i. समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता पदको लागिः-**

१. अ.हे.व. र अ.न.मी. वा सो सरह उत्तिर्ण गरी अ.हे.व.को हकमा NHPC दर्ता/नवीकरण भएको तथा अ.न.मी.को हकमा NNC मा दर्ता/नवीकरण भएको हुनु पर्नेछ।

२. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको।

३. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको।

" कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि "
हिलिहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर
कोशी प्रदेश, नेपाल

अध्यक्ष :- ९८५२६८११७२
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र.प्र.अ :- ९८५२६८४४७७

४. अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रममा काम गरेको अनुभवीलाई प्राथमिकता दिइनेछ ।

**ट) दरखास्त दिने स्थान:-** हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथर

**ठ) दरखास्त फाराम पाईने स्थान:-** हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी, पाँचथर वा कार्यालयको वेवसाईट www.hilihangmun.gov.np मा गई दरखास्त फाराम डाउनलोड गर्न सकिनेछ ।

**ड) दरखास्त फाराम बुझाउने स्थान:-** हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी, पाँचथर वा कार्यालयको ईमेल hilihangruralmun@gmail.com मा सम्पूर्ण कागजातहरू स्क्यान(Scan) गरी पठाउन सकिनेछ ।

**ढ) दरखास्त फारामसाथ पेश गर्नु पर्ने कागजातहरू:-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरू (१) आफूले दरखास्त दिन चाहेको पद विज्ञापन नं. खुलाई दिएको निवेदन, (२) तोकिएको आवेदन फाराममा विवरण भरी फोटो समेत टाँस गरी १(एक) प्रति, (३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (४) तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि, (५) कार्य अनुभव खुल्ने कागजातहरू ।

**ण) विस्तृत जानकारीको लागि:-** सम्पर्क नं. ९८४४६२९१०२, ९८५२६६५५८८

**द्रष्टव्य**

(क) कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ख) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक भनी उल्लेख गरिएका कागजातहरूको सक्कल प्रतिका साथै प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योगयताको समक्षकता निर्धारण गराएको हुनुपर्दछ ।

(घ) पाठ्यक्रम तथा अन्य व्यवस्था: समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता सम्बन्धी मापदण्ड तथा हिलिहाङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुनेछ ।

दीपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत